Living the LOTUS
Buddhism in Everyday Life
7
2018
VOL. 154

Founder's Essay

उदारता

अरुलाई सिकाउन पर्ने मान्छेमा हुन पर्ने गुणमा दुरदृष्टि, निर्णय गर्न सक्ने आदी आदी पर्दछन । तर नभै नहुने भन्ने कुरा चाही के होला त ? मेरो बिचारमा त्यो हो अरुलाई बिश्वास गर्न सक्ने शक्ती ।

अरुको बिश्वास जित्न नसकेमा जस्तो सुकै राम्रो कुरा गरे पनि अरुको मन छुन सकिन्न । मन देखिनै बिश्वास गरिएको लिडरलको एक शब्दले अरुलाई परिवर्तन गर्न सक्छ । त्यो बिश्वास चाही कहाँबाट पलाउछ होला भन्दा त्यो हो बिनम्रता । जताबाट हेरे पनि कुनै फरक नहुने । र अर्को कुरा मान्छेलाई माहान मान्ने मन भएको हुनु पर्छ । हाकिमलाई चाकरी गर्ने तर आफुभन्दा तलकोलाई अर्कै बेबहार गर्ने मानिस लिडर हुन सक्दैन । यस्तो गर्ने त आफ्नो मात्र सोच्ने मान्छे हो । लिडरले आफुलाई बिर्सी अरुको सुख सोच्ने गर्नु पर्दछ । सुख र सफलता भनेको मान्छेसँगको संबन्धबाट हुने हो । मान्छेसँगको संबन्धलाई महत्व दिन नसक्ने मान्छेले जे गरे पनि सफल हुन सक्दैन भन्दा हुन्छ ।

संस्थापकको निबन्ध ९/ १५४-१५ पेज बाट

Living the Lotus
Vol. 154 (July 2018)
प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु
टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: कोइचि साइतो
सम्पादक: एरिको कानाओ
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

President's Message

नरम बचनहरु

by Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

सिद्ध र सत्य कुरा

बुद्धको आधारभुत उपदेश "आठ सही पथ" भनेको "सही बचन" पानि एक हो । धर्म भएको कुरा गर्ने भनिएको हो तर हामीले दैनिकिमा "सही बोल्ने" भन्ने कुरा तेती बिचार गरेका हुँदैनौ । तेही भएर यो शब्द्लाई आफ्नो अभ्यासमा नभएको जस्तो लाग्ने मानिस धेरै होलान । तर पनि हामीहरुले दिनकादिन मानिससँग भेट्दा मिठो बचन बोलिरेहका हुन्छऔ । किनभने तेस्तो गर्दा रमाइलो र शान्ति हुन्छ ।

"सही बचन" भनेको "सबैलाई फाइदा हुने कुरा गर्ने" भन्ने पनि हुन सक्छ र सन्तुलन गर्ने कुरा धेरै महत्वपूर्ण हुन्छ तेही भएर नरम कुरालाई "सही बचन" भन्न सकिन्छ । तेही भएर हामीले जानी नजानी "सही बचन" बोलिरहेक हुन्छौ ।

तर कहिलेकाही हामीहरुले सन्तुलन गुमाउने बोली पनि बोल्छौ । जस्तो कि आफुलाई फाइदा हुने गरी झुटो बोल्ने र सत्यलाई मोडेर कुरा गर्ने ।

बुद्धले आफ्ना चेलाहरुलाई कहिले पनि "झुटो बोलु हुँदैन्" भनेक छन । र "आफ्नो मन नदुखाउने तर अरुलाई पनि दुख नहुने गरी बोल्नु" पनि भनेका छन ।

झुटो कुराले अरुलाई झुक्याउछ र तेस्ले आफुलाई नै कष्ट हुने गर्छ । त्यसरी बिचार गर्दा "सही बचन" अभ्यास गर्दा के कुरा कसरी गर्ने भन्दा पनि सत्यरुपमा बाच्ने कुरा बिर्सिनु हुँदैन ।

बचन भनेको के बोल्ने होईनकी कोसँग आफु कसरी बोलिरहेको छु भन्ने सोच्नु भनेर नर्वेका महान पादरी गुअल स्टारसेट (३० औ निवानो शान्ति पुरस्कारका बिजेता) ले भनेका छन ।

उहाले अन्तराष्ट्रय बैठकमा विवाद हुँदा राम्रोसँग विवादलाई मिलाउनु हुन्थ्यो । तर उहाले धेरै बोल्ने चाही होईन । खासमा चुप लागेर बस्नुहुन्थ्यो र अरुको बिचारहरु राम्रोसँग सुन्नुहुन्थ्यो र अन्त्यमा "ल तेसो भए एसो गरौ न त" भनेर सबैसँग सल्लाह गर्नुहुन्थ्यो ।

बिभिन्न बिचार भएका मानिसको बैठकमा निष्कर्स निस्कन गाह्रो हुन्छ । तेस्तो बेलामा

अरुको बिचार के हो बुझेर सोच्ने आफु र अरुको बिचारको सन्तुलन गर्नाले सन्तुलित कुरा गरिएको भन्न सकिन्छ । उहाले गर्ने एस्तो कुरामा "सही बचन" को अर्थ भएको भन्न सकिन्छ ।

भावपुर्ण मन

जापानि भाषामा "माया" लाई भावपुर्ण पनि भनिन्छ । माया गर्नु भनेको आफु भावपुर्ण हुनु हो ।

जस्तोकी आमा छोराछोरी प्रती कती भावपूर्ण हुन्छिन । "सही बचन" भनेको "सहिरुपमा बोल्ने" भनेपछी एस्तो भावपुर्ण हुनाले अरुको मनमा तेस्तै भावना पैदा हुन सक्छ ।

"मनन गर्ने बचन भनेको मायाबाट आउछ र मायाले दया जगाउछ" भनेर दोगेन गुरुले भनेका छन । सुतर्सेटले भनेको धर्म मान्नेहरु सबैले दयालाई मुल रुपमा लिन्छन तेही भएर सबैले उनिहरुलाई मान्छन । र पहिलाको कथामा एक गुरुले आफ्नो भातिजोलाई गाली होईनकी उनका कुरा सुनेर आसु बगाएकाले भातिजो राम्रो बाटोमा हिडेका थिए । एस्तो दया भएका कुरा पनि "सही बचन" हुन ।

यो रितुमा फुल्ने फुलमा मोहित हुँदै दिप ज्यो गरि फेरी हामीलाई सबैभन्दा माया गर्ने हाम्रा मतापिता र पितृप्रती फेरी आभारी प्रकट गरौ ।

From *Kosei*, July 2018

यो पललाई महत्व दिऔ

बिमल कान्ती बोर्वा
बाङ्लादेश चट्गाउ शाखा प्रमुख

यो प्रवचन २०१८ अप्रिल २०मा बाङ्लादेश सेन्टरको भेलामा गरिएको हो ।

म १९९४ मा श्री लन्काको कोलोम्बो नजिकको वेल्मिल्ल गाउमा जेठो छोराको रुपमा जन्मिए र मेरा २ अरु भाइहरु छन ।

मैले माद्यामिक बिद्याल्य दुइपटक फेरे । दोस्रो स्कुलमा विद्यार्थीहरुले मलाई पिट्ने, मेरो पैसा चोर्ने गरेकोले मलाई स्कुल जान मन लाग्दैन थियो । तेस्ता विद्यार्थीलाई म ठुलो भए पछी बदला लिन्छु भन्ने सोच आउ थियो । तेसैले ति विद्यार्थीहरुसँग झगडा गरेर स्कुलका दिन बिते । तेस्पछी मैले काम गर्न थाले तर पैसा कम भएकोले ६ बर्षमा ३ चोटी काम फेरे । काम राम्रो थिएन र मन अशान्त भएको बेलामा एक बहिनी पर्नेले गर्दा कोसेइ काइको सदस्य बने ।

युवा बिभागमा रमाइलो थियो र म होजामा पनि जान थले । पहिला अरुको कुरा सुन्ने मात्र गरे तर अरुहरुले आफ्ना सबै कुरा गरेको सुनेर मैले पहिला आमाबुवालाई दुख हुन्छ

दाइसेइदोमा प्रवचन गर्द सहनजि

भनेर कसैलाई नभनेको स्कुल पढ्दा गरेको झगडाको कुरा केहि नढाटी भने । यहाँको साथिहरु आफुभन्दा पनि अरुको बिचार गर्ने मात्र थिए ।

तेस्ता साथिहरुले गर्दा म पनि बिस्तारै अरुको बिचार गर्ने सोच गर्ने बन्न थालेको हु ।

मन्दिरमा रेबरेन्ड र काम गर्ने रुक्रान्तीले दोजोको सफा गर्ने, मुर्तिमा पुजा गर्ने सामाग्री राख्ने, युवा बिभागको हिसाब गर्ने, कार्यक्रमको बारेमा सोच्ने आदी गर्ने काम गर्न थाले । मलाई बिश्वास गरिएको थियो र म बिश्वासघात गर्दिन भनेर मन लगाएर काम गर्न थाले ।

यहाँ आएको २ बर्षपछी युवा बिभाग प्रमुख हुने मौका पाए । म यो काम गर्न सक्छु कि सक्दिन होला भन्ने थियो तर साथिहरुले "हामी सबै मिलेर काम गरौ पिर गर्नु पर्दैन" भनेर प्रोत्सहान गरे । साथिहरुको सहयोगले गर्दा म गाकुरिनमा पढ्न जापान आउने बेलासम्म मैले त्यो भूमिका निभाए ।

गाकुरिनमा धेरै कुरा सिके । यहाँ म प्रचार गर्न जादा सिजुओकाको फुजी मन्दिरमा गरेको अनुभव भन्ने छु ।

एक दिन २ जना मिलेर एक जना (यहाँ A भनौ) सदस्यको घरमा सहयोगको लागि गयौ । A जी पहिला मन्दिरका लिडर थिए तर अचेल मन्दिर आउन छोडेक थिए रे । हामी घर त गयौ तर भित्र गएर पुजा गर्न मिल्ने नमिल्ने ठेगान थिएन ।

घरभित्र छिरेर साथिले "यहाँ एक जना श्री लन्काबाट हाम्रो धर्मको बारेमा सिक्न आउनुभएको छ" भनेर मलाई चिनाइदिए ।

तेतिबेलासम्म घरभित्र छिर्नु भनेर A जिले भन्नुभएको थिएन तर म बिदेशबाट आएको थाहा पाएर खुशी भएर

भित्र आउनु भन्नुभयो ।

मा भित्र गएपछी म यहाँसम्म आएकोले म यहाँ पुजा गर्न सक्छु भनेर सोधे र उहाले खुशीसाथ हुन्छ भनेर भन्नुभयो र तयारी गर्न थाल्नु भयो । साथिले तिमी पाठ सुरु गर भने र मैले जापानमा पहिलोचोटी जापानि भाषामा पाठ गरे । अजि हाम्रो निम्ती घरभित्र पुजा गर्न दिएको म खुशी भए र आभारी भए । म त्योबेलासम्म घुडा दोबारेर बस्न सक्दिनथिए तर त्यो दिन सुत्र पाठ सक्नेबेलासम्म पनि खुट्टा निदाएन ।

पुजा सक्नेपछी A जिले चिया दिनु भयो र किन अचेल मन्दिर नगएको कुरा गर्नुभयो । उहाको कुरा सुन्दा उहालाई कोसेइ काइ धेरै मन पर्दो रहेछ भनेर बुझे । मन्दिर नगए पनि घरमा पुजा गर्ने अनि कोसेइ काइको आधारभुत कुरा गर्ने गरेको बुझ्दा मेरो मन छोयो ।

मन्दिर फर्किदा साथिले "A जी मन्दिर नआउने कारण त थाहा थियो तर उहाले के सोच्नु भएको छ भन्ने कुरा थाहा पाए" भनेर खुशी भए भने ।

तर मलाई किन A जिले घरभित्र बोलाएर पुजा गर्न दिनुभएको हो र भन्ने कुरा मैले बुझेको थिइन ।

मन्दिरमा फर्किएपछी रेबरेन्डलाई सोधे र उहाले "तिमीले कस्तो मन राखेर पुजा गर्यौ त ?" भनेर उल्टो सोध्नुभयो । "पुजा गर्न दिएकोमा धेरै खुशी लागेर मन खोलेर पुजा गरे" भनेर जवाफ दिए । तेस्पछी उहाले "अस्तीन तिमीले मलाई सत्यनिष्ठा भनेको के हो" भनेर सोधेक थियौ र तिमीले आज A जिको घरमा पुजा गर्दाको मन नै "सत्यनिष्ठ" हो भनेर भन्नुभयो ।

यो अनुभवबाट अनेक भ्रममा नपरी बिनम्र भएर सत्यनिष्ठा लिएर भक्ती गर्दै जानु पर्छ भन्ने बुझे । श्री लन्कामा हुँदा जती फोन गरे पनि मन्दिर नआउने मान्छेलाई "यो अल्छि" छ भन्ने गरेर फोन गर्न छोडेको थिए र त्यो सम्झिदा अल्ली ग्लानी हुन्छ । तेस्तो मान्छेलाई बोलाउन छोड्ने होईनकी घरमा गएर सत्यनिष्ठले बोलाउन पर्ने रहेछ भन्ने कुरा बुझे ।

यो मार्चमा यहाँको पढाई सकेर श्री लन्का फर्किनेछु । अहिले श्री लन्कामा घरघरमा पढ्आउने रुपमा कोसेइ काइ फैलिदै गएको छ । यो पढाईमा केटाकेटी लिएर आमाहरु आउने गर्दछन । म फर्किएपछी केटाकेटीलाई धर्म सिकेर कसरी जिवनिमा रमाइलोसँग अभ्यास गर्ने हो भनेर सिकाउछु भन्ने छ ।

तेस्तो गर्न केटाकेटीको मनमा छुने उपदेश के हो भन्ने कुरा बिचार गर्छु र यो कामले सदस्यहरुको मुक्ती दिलाउने दयालु युवा लिडरहरु बनाउनेछु भन्ने छ ।

श्री लन्काको रेबरेन्ड यामामोतो नयाँबर्षमा जापान फर्किदा कुरा गर्ने मौका पाए र मैले अहिले सोचिरहेको कुरा भने । उहाले "प्रचराकको रुपमा खुब काम गरौ" भनेर भन्नुभयो र प्रचार गर्न मैले धेरै गर्नु छ भन्ने कुरा बुझे । म श्री लन्का फर्किएपछी जोड्तोडकसाथ प्रचार गर्ने छु भन्ने कुरा यहाँ प्रण गर्दै मेरो कुरा समाप्त गर्छु । सबैजना सुन्नुभएकोमा धन्यवाद ।

गाकुरिनमा साथिहरुसँग सहनजि (दाँयाबाट दोस्रो)

सद्धर्म तृपाठको सारांस र मुल अर्थ

यो महिनादेखी निक्क्यो निवानो गुरुद्वारा लिखित "सद्धर्म तृपाठको सबै अंशको सरांस र मुल अर्थ" प्रकाशण गने छौ । रिश्शो कोसेइ काइको सुत्रपाठमा भएका सद्धर्म तृपाठ बुझौ ।

"अतौल्य उपदेश"

"अतौल्य उपदेश" बुद्धले "पुन्डरिक सुत्र" को उपदेश बुझ्नुभन्दाअघी मागदा देशको पहाडमा गएर ध्यान गर्दा बुझेका हुन । तेसमा अरु अर्थ थप्दै जादा बल्ल "पुन्डरिक सुत्र" बनेको हो ।

तेस्तो गरी बनेको कुरा बुझ्दा सद्धर्म तृपाठको मुख्य "पुन्डरिक सुत्र" जान्नुअघी "अतौल्य उपदेश" बुझ्न अत्यन्त जरुरी छ । तर बास्त्वबमा यि उपदेश बुझ्न "अतौल्य उपदेश" पढेर मात्र "पुन्डरिक सुत्र" बुझिनेछ भन्ने कुरा प्रष्ट हुन्छ ।

मा के हो थाहा छैन । अब त्यो कुरा कहाँबाट बुझ्ने त ? त्यो भनेको "पुन्डरिक सुत्र" नै हो ।

"अतौल्य उपदेश" के हो

यो शीर्षक "अतौल्य उपदेश"मा भनेको खासै अर्थ त छैन तर "असंख्य उपदेश" भनेर भन्न पनि सकिन्छ । र "अतौल्य उपदेश" भए पनि" असंख्य उपदेश भए पनि खासमा एक सत्यलाई नै भन्न खोजिएको हो" भनेर भन्न सकिन्छ ।

र त्यो सत्य भनेको "अनन्त हो र तर त्यो बारेमा तेती भनिएको छैन र वास्त्वपुन्डरिक सुत्रमा यो कुरा बिस्तृत रुपमा बर्णन गरिएको छ । मतलब यो असंख्य उपदेश नै "पुन्डरिक सुत्र" को आधारहो भनेर उहाले पहिलो उपदेशमा महत्व दिएर बुझाउनुभएको छ ।

मतलब "अतौल्य उपदेश" को मुख्य "दोस्रो उपदेश" पनि बुद्धले दाइसोउगेन जस्ले धेरै ध्यान गरेका थिए उनको प्रश्नलाई जवाब दिदा बिस्तारमा भनिएको हो । मतलब धेरै ध्यान नगरे यो बुझिने होईन । तेही भएर बुद्धले एस्तो खाल्को उपदेशको सुची बनाएका हुन । मतलब "अतुल्य उपदेश" बुझेर मात्र बल्ल उपदेशको आधार "अनन्त" बाट "वास्तव" भन्ने कुरा सबैले सबै कोण्बाट बुझ्ने गरी भनिएको उपदेश नै "पुन्डरिक सुत्र" हो ।

तेही भएर "नित्य सत्य" लाई सबैले बुझ्ने गरी बुझाइएको हो । तेस कारण "अतौल्य उपदेश" पहिलो चरणबाट बल्ल नित्य सुत्र "पुन्डरिक सुत्र" बुझ्ने कुरा हो र "पुन्डरिक सुत्र" पनि यो "अतौल्य उपदेश" बाट सुरु गरेर मात्र बुझ्न सकिन्छ । एस्तो एकआपसको संबन्धबाट अतौल्य उपदेशलाई "पुन्डरिक सुत्र" को प्रबेश सुत्र भनेर भनिन्छ ।

पबित्र कर्म भाग १

यो अंशमा दाइसोबासात्सु (बुद्ध पुजक) ले बुद्धको सम्पूर्ण तालमेल (पबित्र) र ज्ञानोदय (कर्म) को प्रशंसा गरेको अध्याय हो ।

पबित्र कर्मको प्रशंसा

दाइसोबासात्सुले बुद्धको बास्त्विक अनुहार र सरिर (बुद्धको ३२ लक्षण) को माहानताको बर्णन गरेका छन । त्यो भनेको उहाको रुपरङमा कती पूर्ण हुनुहुन्थ्यो भन्ने हो । र अनि यसरी पनि भनेक छन ।

"बुद्धको जस्तो लक्षण भएका कोही पनि छैनन्, बास्तवमा लक्षणमा देखिने नदेखिने भन्दा पनि माथि हो र हाम्रा यि आम मान्छेको आखाले तेस्को सार बुझ्न सक्दैन ।

आम प्राणिको सार पनि बुद्धको जस्तै हो तर हाम्रो सरीरमा ति लक्षणहरु राम्रोसँग देखा पर्दैनन । बुद्धमा असंख्य सद्गुण हुन्छ र ति लक्षणहरु देखा परेका हुनाले आम मानिस प्रशन्न हुन्छन्, पुजा गर्छन र उनको सरणमा परी आफ्नो तनमन दिन तत्पर हुन्छन । बुद्धले जती सुकै बुद्धत्व प्राप्ती गरे पनि अझै ध्यान गर्छन र एस्तो सम्पुर्ण लक्षणले आफुलाई सुन्दर रुपमा पुर्णता गर्छन । एस्तो गरेर कुनै लक्षण नभए पनि लक्षणहरु देखा पर्दै जादा खुशी लाग्नेछ ।"

यहाँ हामीले बुझ्न पर्ने २ कुराहरु छन ।

सबै प्राणी लक्षणको सार पनि तेस्तै हो । प्राणिको सार पनि बुद्धको जस्तो नै हो तर ध्यान गर्न नपुगेर भ्रममा पर्नाले हाम्रो त्यो लक्षण देखा पर्दैन । सार बुद्धको जस्तै भएमा हामी पनि बुद्ध जस्तै हुन सक्नेछौ र एस्ले एकातिर हामीमा आशा जगाउछ तर अर्कोतिर ध्यान दिएर बुझ्न पर्ने कुरा पनि हुन्छ ।

सद्धर्म तृपाठमा सुरुदेखी अन्त्यसम्म एस्ताकुराहरुका जानकारी गराइएको छ । तेसैले सद्धर्म तृपाठ पढ्न पहिला बुद्ध र हाम्रो "सार एकै हो" र "लक्षणमा फरक" भन्ने कुरा मनमा कुद्र जरुरी छ ।

दोस्रो कुरा "बुद्धको लक्षण प्रकट भएमा हामी निकै आभारी हुनेछौ" भन्ने हो ।

बुद्ध यहाँ प्रकट भएर धेरै ध्यान गरेर तेस्तो सम्पूर्ण लक्षण भएका महान बनेका उदाहरण यहाँ छ । हामी पनि उहाले जस्तै गरे हुन्छ र बुद्धले कष्टसाथ बुझ्नु भएको उपदेशले गर्दा हामी अलि सजिलोसँग त्यो बाटोमा हिंड्न सक्छौ । यो कुराकोनिम्ती हामी बुद्धप्रती आभारी हुनु पर्नेछ ।

तेस्माथि हामीहरुले मनमा खुशी राखी बुद्धलाई पुजी उपदेश लिएर बुद्धभित्र पग्लिन सक्नेछौ । मतलब सही गोहोन्जो (बुद्ध) दृष्टिकोण नै दाइसोबासात्सुका शब्दमा मिसिएका छन ।

निक्क्यो निवानो "सद्धर्म तृपाठको सबै अंशको सरांस र मुल अर्थ" (नयाँ प्रकाशण) कोसेइ प्रकाशण २०१६, पेज १३-१६

दयालु मनले

जुलाईमा दिप्ज्योती गरिन्छ । आफ्नो प्राणको अमुल्यता र आभारिपन बुझेर आफ्ना पृतिबाट जोडिएको संबन्धलाई धन्यवाद दिन चाहन्छु ।

पितृलोकको आमालाई मुद्दूलयनले बचाए जस्तै सही कुराको सही बिचार र सोच बुझ्दै जानेछु । दुख भनेको आफ्नो अहम बिचार र सोचले हुने हो । त्यहाँबाट रिस र लोभ जन्मिन्छ र झगडा सुरु हुन्छ ।

अध्यक्षले यो महिना "सही बचन" को बारेमा लेख्नुभएको छ । सही बचन प्रयोग भनेको अरुको कुरा सुनेर , बुझेर आफ्नो अहम रोकेर सन्तुलित भएर बाच्नु हो ।

पित्री र आमाबुवाको मायाप्रती आभारी भएर अरुसँग मिलेर बस्नुको महत्व बुझ्दै बाच्ने छु ।



RISSHO KOSEI-KAI INTERNATIONAL BRANCHES

We welcome comments on our e-newsletter Living the Lotus. Please send us your comments to the following e-mail address.
E-mail: living.the.lotus.rk-international@kosei-kai.or.jp